म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- २३१ २०८० असार ३१ गते आइतबार 16 July 2023, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-

नेपाल विद्युत प्रधिकरण
वितरण तथा ग्राहक सेवा निर्देशनालय
बागमती प्रदेश

ग्राहक वर्गमा हार्दिक अनुरोध

विद्युत सम्बन्धि कुनै पनि गुनासा वा समस्या भए नेपाल विद्युत प्राधिकरणको हटलाईन नम्वर ११५० डायल गरी निर्देशन बमोजिम ८ थिचि जानकारी गराउनुहोस हामी तपाईंको समस्या समाधान गर्न सदैव तत्पर रहनेछौं ।

बागमती प्रदेश, प्रदेश डिबिजन कार्यालय
भुटनदेवी हेटौंडा ।

शैक्षिक अवस्था सुधार्न प्रअको सरुवाः अध्यक्ष कालाखेती

अध्यक्षले शिक्षकमाथि लाञ्छना लगाउने प्रअको गुनासो

समाज संवाददाता

हेटौंडाः मकवानपुरको मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीले सामुदायिक विद्यालयका प्रधानाध्यापक (प्रअ)हरुलाई जिम्मेवार बनाएर शैक्षिक अवस्था सुधार गर्न सरुवा प्रअहरुको गर्न लागेको बताउनुभएको छ। मनहरीका प्रअहरुले सामूहिक राजीनामा बुझाएको भन्ने कुरा सत्य नरहेको उहाँले जानकारी दिनुभयो ।

प्रअहरुले सामूहिक राजीनामा दिने भनेर सहमति भएपनि आफूसमक्ष कुनै राजीनामा पत्र नआएको अध्यक्ष कालाखेतीले बताउनुभयो। सबैजसो प्रअहरु अहिले समहतिपत्र लिएर पालिका आउने उहाँले बताउनुभयो। अध्यक्ष कालाखेतीले एक शिक्षक वर्षौंदेखि एउटै स्कूलमा रहँदा त्यहाँको विद्यालय व्यवस्थापन समितिसँग र स्थानीयसँग सम्बन्ध राम्रो भएपछि विद्यालयमा ढिला आएपनि, रिजल्ट नराम्रो आएपनि स्थानीयहरुले व्यवहारलाई हेरेर चासो नलिइएको पाइएको बताउनुभयो । केही समयअघि पालिकाभित्रका प्रावि तहका विद्यालयहरुको अनुगमन गर्दा शैक्षिक अवस्था चित्त बुझ्दो नभटेको उहाँले जानकारी दिनुभयो ।

शिक्षामा परिवर्तन ल्याउन शिक्षकहरुको सरुवा नभई प्रअहरुलाई सरुवा गराएमा नयाँ विद्यालयमा नयाँ जोशका साथ समुदायसँग उत्तरदायी हुन्छन् भनेर प्रअहरुको सरुवा गर्न खोजेको उहाँले बताउनुभयो। यस विषयमा पालिकाभित्रका १८ सामुदायिक विद्यालयका प्रअहरुको राय सुझाव लिने र आपसी समझदारीअनुसार सरुवा गराउने भनेर निर्णय गरेको अवस्थामा प्रअहरुले राजीनामा पत्र बुझाउने भनेर तयारी गरेको उहाँको भनाइ छ। गाउँपालिका अध्यक्ष कालाखेतीले अहिले पालिकाले प्रअहरुलाई जिम्मेवार बनाउन खोजेको बताउनुभयो । संघीय सरकारबाट ३ महिनामा मात्र तलब दिँदै आइरहेको अवस्थामा पालिकाले आन्तरिक स्रोत व्यवस्थापन गरेर प्रत्येक महिना तलब उपलब्ध गराउने निर्णय गरेको उहाँको भनाइ छ। निमाविका प्रअहरुलाई भत्ता सुविधा बढाएर...

बाँकी पृष्ठ ३ मा

कोरा साइक्लिङ च्यालेन्जः हेटौंडामा शनिबार बिहान कोरा साइक्लिङ च्यालेन्जमा सहभागी साइकलयात्रीहरु । नगरको धार्मिक क्षेत्रहरुलाई गन्तव्य बनाई ५० देखि एक सय किलोमिटरको यात्रा सामूहिकरुपमा तय गर्नुलाई कोरा साइक्लिङ च्यालेन्जको रुपमा अन्तर्राष्ट्रियरुपमा अभ्यास गर्ने गरिएको छ । हेटौंडामा शनिबार हेटौंडा राइडर्स क्लब र हिमालयन राइडर्स क्लबले छुट्टा-छुट्टै कोरा साइक्लिङ च्यालेन्जको आयोजना गरेको थियो । स्वास्थ्य र वातावरण संरक्षणका दृष्टिले साइकलको प्रयोगलाई उपयुक्त ठान्दै साइकलको प्रयोगलाई प्रवर्द्धन गनर्न हेटौंडामा पछिल्लो समय साइकल प्रयोगकर्ताको संख्या बढ्दो क्रममा छ ।

विरोधका बीच बागमतीको बजेट पारित, अध्यक्षले एकलौटी गरेको आरोप

समाज संवाददाता

हेटौंडाः विरोधका बीच मकवानपुरको बागमती गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट पारित भएको छ। शुक्रबार गाउँपालिकाको १० औं गाउँसभामा पालिकाका अध्यक्ष सर्केश घलानले प्रस्तुत गर्नुभएको ६८ करोड ३० लाख १० हजार रुपैयाँ बजेट पारित भएको हो ।

गाउँसभामा पालिकाका उपाध्यक्ष फणिन्द्र तिमल्सिना उपस्थित हुनुभएको थिएन । पालिका अध्यक्षले आफूहरुलाई कुनै छलफलमै नबोलाउने, मनोमानी ढङ्गले काम गर्ने र सबै आफ्नो केन्द्रित हुने गरी काम गर्न थालेपछि आफू सभामा उपस्थित नभएको उहाँले बताउनुभयो। पालिका अध्यक्ष सर्केश घलानले बहुमतको घमण्ड गरेर आफूहरुलाई पालिकाको नीति तथा योजना बनाउने बेला पनि कुनै जानकारी नगराएको उहाँले आरोप लगाउनुभयो। उहाँले भन्नुभयो– 'म जनताको प्रतिनिधि हुँ, भोलि जनताले मलाई प्रश्न गरेमा मैले के जवाफ दिने ?, मैलेचाहिँ थाहा पाउनु पर्दैन ?' आफूले सबैलाई मिलाएर अगाडि बढ्न आग्रह गर्दासमेत कुनै सम्बोधन नभएको उहाँले बताउनुभयो ।

यस्तै, नेकपा एमालेबाट निर्वाचित बागमती–८ का वडाध्यक्ष इन्द्रमणि तिमल्सिनाले बजेट पारित गर्ने कुरा कानुन सम्बत नभएपछि आफूहरुले गाउँसभामा विरोध गरेको बताउनुभयो। उहाँले भन्नुभयो 'पालिका अध्यक्षले एकलौटी हिसाबले जान खोज्नुभयो, बजेट पारित जस्तो कुरामा सल्लाह नगरीकन एकलौटी रुपमा लान खोज्नुभयो । बजेट राज्यको पैसा हो सबै जनप्रतिनिधिहरुसँग सल्लाह गरेर जानुपर्छ तर भएन अनि हामीले विरोध गरेका हौं ।' स्थानीय तह सञ्चालन ऐनअनुसार उपाध्यक्षमार्फत् बजेट प्रस्तुत हुनुपर्ने भएपनि यस्तो नभएपछि आफूहरुले विरोध गरेर सभा छोडेर निस्केको उहाँले बताउनुभयो । बागमतीमा १७ जनाको कार्यपालिका सदस्यमा माओवादीको ११ जना, एमालेको ३ जना र काँग्रेसको ३ जना कार्यपालिका सदस्य छन् ।

पालिकालाई संघीय वित्तीय समानीकरण अनुदान १० करोड ४३ लाख रुपैयाँ, संघीय सशर्त अनुदान २० करोड ८० लाख रुपैयाँ, समपूरक ८० लाख रुपैयाँ र सशर्त अनुदान पुँजीगततर्फ २ करोड २६ लाख रुपैयाँ बजेट प्राप्त भएको थियो । यस्तै बामगती प्रदेश सरकारबाट समानीकरण अनुदान १० करोड ३० लाख ९ हजार रुपैयाँ, सशर्त अनुदान चालु ३ करोड ८८ लाख ५४ हजार रुपैयाँ, सशर्त अनुदान पुँजीगत ४५ लाख रुपैयाँ, विशेष अनुदान ५० लाख रुपैयाँ बजेट प्राप्त भएको थियो ।

गाउँपालिकाले प्राप्त अनुदान बजेट ३९ करोड ५५ लाख ५६ हजारबाट आर्थिक विकासतर्फ ११.०१ प्रतिशत, सामाजिक विकासतर्फ २४.२७ प्रतिशत, पूर्वाधार विकासतर्फ २८.१५ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा ३.५० प्रतिशत र कार्य सञ्चालन तथा प्रशासनिक क्षेत्र ३३.०६ प्रतिशत खर्च हुने अनुमान गरिएको छ । पालिकाले प्रत्येक वडालाई प्रवर्द्धन गर्न प्रत्येक वडामा एक चिस्यान केन्द्र स्थापन गर्ने लक्ष्य राखिएको छ । यस्तै कृषि र पशु ब्लकको रुपमा विकास गरी अनुदान र साझेदारीमा कृषि र पशु कार्यक्रम सञ्चालन हुने गरी कृषि क्षेत्रलाई पहिलो प्राथमिकता राखेर बजेट निर्माण गरेको जनाएको छ ।

६ जनालाई जग्गाधनी प्रमाणपत्र वितरण

पालिकाले गाउँसभाको अवसरमा ६ जना भूमिहिनलाई जग्गा धनी प्रमाणपत्र (लालपुर्जा) वितरण गरिएको छ। पालिकाका ३ नम्बर वडाका १ जना भूमिहिन दलितसहित ६ जना भूमिहिन सुकुम्बासीलाई लालपुर्जा वितरण गरिएको हो। जग्गा धनी प्रमाणपत्र पाउनेमा वडा नम्बर ३ का भूमिहीन दलित मंगल बहादुर बिक, भुमिहिन सुकुम्बासी वीरबहादुर भोलन, बुद्धिमान मोक्तान, मंगलीमाया स्याङ्तान, तेजबहादुर मोक्तान र बलबहादुर भोलन रहेका छन्। यसअघि वडा नम्बर ४ का भुमिहिन दलित ३ जना, भुमिहिन सुकुम्बासी २८ जना र वडा नम्बर ५ का भुमिहिन सुकुक्वासी २ जना गरी ३३ जनालाई लालपुर्जा वितरण गरिसकेको छ ।

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला
QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्कर लगायत प्रयोगशाला सेवा रहेका छन् । हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।

सम्पर्क ०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

Join IT Career in HCC

Admission Open
↓
+2
Science
Management
→ Computer Science
→ Hotel Management
→ Business Studies
Law (English)

Bachelor Program
↓
BSc. CSIT
BCA
BBS
(T.U. Affiliated)

यस **हेटौंडा सिटी कलेज**मा **B.Sc.CSIT** कार्यक्रम अन्तगत दोस्रो बर्ष तेस्रो शत्र (Semester) मा अध्ययनरतछात्र **श्री दिनेश खरेलले** त्रिभुवन विश्वविद्यालयद्धारा सञ्चालित प्रथम वर्ष प्रथम शत्रको परीक्षामा **89.8 प्रतिशत (500 पुर्णाङ्कमा 449 अंक प्राप्त)** ल्याई **नेपाल प्रथम** हुन सफल हुनुभएकोमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामना गर्दछौं ।

साथै, **BSc. CSIT** र **BCA** को 11 औं समूहको (**2080 Batch**) लागि प्र**वेश परीक्षा तयारी कक्षा** (**Entrance Preparation Class**) सञ्चालन भइरहेको कुराको पनि सहर्ष जानकारी गराइन्छ ।

हेटौंडा सिटी कलेज/जेनिथ
सम्पर्क : 057-526660, 9855069444, 9855077417, 9855067435

Studying Science offers a vast range of career paths, from research and development to medicine and engineering.

Study +2
SCIENCE
BIOLOGY AND COMPUTER SCIENCE

CLASS STARTS FROM 15th SHRAWAN

HETAUDA SCHOOL OF MANAGEMENT
"कडा अनुशासन, स्तरीय शिक्षा"
For inquiry:
9855074222
» ENROLL NOW

Hetauda-4, Makawanpur info@hsm.edu.np www.hsm.edu.np
DELIVERING TOP-NOTCH EDUCATION SINCE 1995

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज; अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टमेन्ट

शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्टका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

सम्पर्क
०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७

सम्पादकीय

सजिलौ छैन बालमैत्री घोषणा

आउँदो मंसिर मसान्तभित्र बालमैत्री स्थानीय शासन घोषणाको तयारी गरिरहेको हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री घोषणा गराउन निकै चुनौती हुने भएको छ । बालमैत्री पालिका घोषणा गर्न विद्यालय, समुदाय, वडालाई बालमैत्री बनाउँदै सिङ्गो पालिका बालमैत्री बन्नुपर्छ । हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री घोषणा गर्ने दिन ५ महिना बाँकी हुँदा बालमैत्री वडा घोषणाको सुरुवातै हुन सकेको छैन । उपमहानगरपालिकाले अहिलेसम्म हेटौंडाका कुनै पनि वडालाई बालमैत्री घोषणा गर्न सकेको छैन । हेटौंडामा १९ वटा वडा रहेका छन् । उपमहानगरले वडा-वडामा सहजकर्ताको व्यवस्था गरेर बालमैत्री घोषणाको तयारी तिब्र बनाइरहेको छ । बालमैत्री वडा सहजकर्ता नियुक्ति गरिएको ५ महिना भइसकेका छन् । यसबीचमा सहजकर्ताले विद्यालय र समुदायमा बाल समूह गठन गर्ने र बाल अधिकारबारे सामान्य सचेतना जगाउनेबाहेक उल्लेख्य काम भएको छैन । अहिलेकै अवस्थामा हेटौंडाका कुनै पनि विद्यालय र टोललाई बालमैत्री घोषणा गर्न सक्ने अवस्था छैन भने वडालाई बालमैत्री घोषणा गर्न सजिलो देखिँदैन ।

स्थानीय तहलाई बालमैत्री घोषणाका लागि ५१ वटा सूचकहरु पूरा भएको हुनुपर्ने व्यवस्था छ । बालअधिकार र संस्थागत विकाससम्बन्धी यस्ता सूचकहरु अधिकांश अपुरो रहेको अवस्थामा तोकिएको समयमा बालमैत्री घोषणा सजिलो नहुने निश्चत छ । बालबालिकाको बाँच्न पाउने अधिकार (बाल बचाउ) सम्बन्धी १४ वटा सूचकहरु पूरा गर्नुपर्ने हुन्छ । बालबालिकाको संरक्षण पाउने अधिकार (बाल संरक्षण) अन्तर्गत् १० वटा सूचकहरु पूरा गर्नुपर्ने बताइएको छ । बालबालिकाको विकास गर्न पाउने अधिकार (बाल विकास) सम्बन्धी ५ वटा र बालबालिकाको सहभागी हुन पाउने अधिकार (बाल सहभागिता) सम्बन्धी ६ वटा सूचकहरु पूरा गरेको हुनुपर्छ । संस्थागत विकाससम्बन्धी १५ वटा सूचकहरु पनि पूरा भइसकेपछि बालमैत्री पालिका घोषणा गर्न सकिनेछ । हेटौंडा उपमहानगरपालिका क्षेत्रमा बाल बचाउ, विकास र सहभागितासम्बन्धी सूचकहरुभन्दा बाल संरक्षणसम्बन्धी सूचकहरु पूरा गर्न चुनौतीपूर्ण देखिएको छ । बाल संरक्षणभित्र पनि बालश्रम र बालविवाह मुख्य चुनौती रहने देखिएको छ ।

बालमैत्री पालिका घोषणा गर्न तोकिएका सूचकहरु पूरा गर्नुका साथै बालमैत्री हिसाबले सेवा प्रवाह गर्नुपर्ने र विद्यालय तथा समुदायहरुमा पनि बालमैत्री वातावरणको ग्यारेन्टी हुनुपर्नेछ । टोल, समुदाय, विद्यालय सबैतिर बालमैत्री वातावरण बनाउँदै ५१ वटा सूचक पूरा गर्न अबको ५ महिना समय पर्याप्त हुँदैन । बालमैत्री घोषणा अभियानको अहिलेसम्मको तयारी सुस्त बनिरहेको छ । बालमैत्री सहजकर्ताले वडास्तरमा सचेतनामूलक केही गतिविधि गरेको भए पनि बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितासम्बन्धी सेवा, सुविधाको ग्यारेन्टी गर्न धेरै कठिनाई हुने देखिन्छ । निर्धारित समयमा नै बालमैत्री पालिका घोषणाका अबको ५ महिना तिब्र गतिमा नतिजामुखी काम गर्नुपर्ने चुनौती देखिएको छ ।

उपमहानगरपालिकाले बालमैत्री घोषणाका लागि सबैभन्दा पहिला विद्यालयसँग सम्बन्धित सूचकहरुमा ध्यान दिनु आवश्यक छ । धेरै बालबालिकाको प्रत्यक्ष संलग्नता रहने विद्यालयमा बालमैत्री सुनिश्चित नहुँदासम्म बालमैत्री घोषणा सम्भव हुँदैन । विद्यालय बालमैत्री भइसकेपछि क्रमश: समुदाय, वडा हुँदै पुरै पालिकालाई बालमैत्री घोषणा गर्नु बुद्धिमानी हुनेछ । बालमैत्री घोषणा गर्ने स्थानीय तह ज्यादै कम रहेकाले हेटौंडा उपमहानगरपालिका बालमैत्री घोषणाका लागि हतारिनुपर्ने अवस्था छैन । बालमैत्री स्थानीय तह घोषणा विगतमा गरिएका घोषणाहरु खुला दिशामुक्त, बालश्रममुक्त, बालविवाहमुक्त, पूर्ण खोपयुक्त, सडकमानवमुक्त, पूर्ण साक्षरजस्तो नहोस् । पर्याप्त तयारी र तोकिएको सबै सूचकहरु व्यवहारिकरुपमै पूरा भएको सुनिश्चिततापछि मात्र बालमैत्री घोषणा हुनुपर्छ ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	फापरबारी इलाका	६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल	१००	चित्लाङ इलाका	६२१०००
ट्राफिक प्रहरी	१०३	वारुण यन्त्र	१०१
वडा प्रहरी	५२०२९९	बालबालिका खोजतलास केन्द्र	१०४
पशुपतिनगर इलाका	५२०५९८	बाल हेल्पलाइन	१०९८
मनहरी इलाका	९८५५०९०१६१	हेलो सरकार	११११
भीमफेदी इलाका	६९१४६२	नेपाल टेलिकम सोधपुछ	१९७
पालुङ इलाका	६२०४६७		

तपाईंको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : अध्ययन-अध्यापनको क्षेत्रमा समय लाग्ला ।
वृष : कार्यक्षेत्र र व्यापार-व्यवसायमा समय व्यतित होला ।
मिथुन : अरुको काममा समय व्यतित हुने योग रहेको छ ।
कर्कट : संकट र जोखिमबाट बच्न सकिने समय छ ।
सिंह : आफन्तको सहयोगले काममा पूर्णता प्राप्त होला ।
कन्या : बहस र वादविवादमा विजय प्राप्त होला ।
तुला : जोखिम र संकटले पूर्ण समय रहेको छ ।
वृश्चिक : उपहार तथा चिठ्ठा प्राप्त गर्न सकिने योग छ ।
धनु : ऋण सापटीको बोझ हट्ने समय योग छ ।
मकर : इच्छाशक्ति र आन्तरिक उर्जाको उदय हुने समय छ ।
कुम्भ : निर्णयात्मक काममा ध्यान केन्द्रित हुने समय ।
मीन : आत्मविश्वस र दृढ इच्छाशक्तिको उदय होला ।

हराउँदै नेपाली मौलिक परिकार



रविन्द्र कार्की

खाना भोक मेटाउने पदार्थ मात्र होइन । खाना हाम्रो शरीरले राम्रोसँग काम गर्नका लागि चाहिने आधारभूत आवश्यक्ता हो । राम्रो, सन्तुलित र पौष्टिक आहारले वृद्धि, विकास, प्रतिरक्षा कार्य, रोग रोकथाम र समग्र स्वास्थ्यका लागि आवश्यक ऊर्जा र पोषक तत्वहरू प्रदान गर्दछ । हावापानी, भुगोल र संस्कृतिको विविधतासँगै सामाजिक परिवेश अनुसार खानाका परिकारहरु अनेक हुन्छन् । कैयौं खानाका परिकारले त देशकै नामलाई संसारमा चिनाएका हुन्छन् । "सुशी" जापानको चर्चित परिकार हो, "ट्याको वा ट्याकोस" मेक्सिकोबाट अन्यत्र फैलिएको परिकार हो भने नेपाली जनजिब्रोमा पिज्जा नामले चर्चित पिट्ःसः विश्व चर्चित इटालियन परिकार हो । उसो त नेपालीकृत भर्सनको मःम वा मोःमो नेपाली व्यापारीहरुले १७ औं शताब्दीमा उत्तरी छिमेकी चीनको तिब्वतबाट नेपाल भित्राएको मानिन्छ । यद्यपी यो परिकार अब नेपाली स्थानीय परिकार बनिसकेको छ ।

नेपालका मौलिक परिकारमा कोदो, मकै, फापरको ढिँडो, रोटी तरकारी, गुन्द्रुक साँधेको, मकै भटमास, सातु, खिर, दही-चिउरा-केरा, चटामरी, योमरी, आलु तामा साँधेको, विविध खालका सुख्खा रोटिहरु एवम् विभिन्न जातजातिका परिकारहरुलाई लिन सकिन्छ तर यिनको उचित संरक्षण एवम् प्रवर्धनमा कतै हामी आँखा चिम्लिइरहेका त छैनौं ? अचेल सिंगो बजार घुम्दा पनि स्वस्थ र शक्तिवर्द्धक अधिकांश मौलिक परिकारहरु पाउन कठिन बन्दै गएको छ । शरीरको आवश्यक्तालाई भन्दा पनि जिब्रोको स्वादलाई बढि प्राथमिकता दिन थालिएको छ बरु यसको ठाउँमा अधिकांश महंगा र स्वास्थ्यका लागि उत्ति फाइदा नगर्ने महंगा विदेशी परिकारहरुले होटल र रेष्टुरेन्टहरु भरिएका छन् ।

केही समयअघि "औसत भन्दा १६ किलो बढि भात खान्छन् नेपाली" शिर्षकमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयले गरेको अध्ययनको रिपोर्ट सार्वजनिक भएको समाचार सामाजिक सञ्जालमा सेयर हुँदा अधिकांशले "हाहा" रियाक्ट गरेका थिए । मानौं भात खानु नराम्रो हो । उक्त रिपोर्टले भात खानु नराम्रो भनेको हैन त्यो त एउटा तथ्यांक हो । यसरी पाकिस्तानीले कति रोटि खाए । अमेरिकीले कति बर्गर खाए, इटालियनले कति पास्ता र पिज्जा भनेर हेर्न थालियो भने तथ्यांक पक्कै यस्तै आउला । उसो त देशअनुसार, भुगोलअनुसार जहाँ जुन खाद्य पदार्थको सहज उपलब्धता छ र परम्परादेखि नै सो खानेकुरा खाने चलन छ त्यही नै खाइने हो । त्यस्तै व्यक्तिको उमेर, स्वास्थ्य अवस्था, पेशा अनुसार पनि के, कति र कसरी खाने भन्ने कुरामा भिन्नता हुन्छन् ।

दाल, भात, तरकारी र अचार नेपाली भान्सामा कम्तिमा दिनमा एकपटक बनाइने मुख्य खाना हो । मुख्य खानामा खाइने यी परिकार आफैंमा परिपूर्ण छन् । शरीरलाई आवश्यक कार्बोहाइड्रेट, प्रोटिन, बोसो, भिटामिन लगायत सबै पोषक तत्व यसमा छ । मौसम र अनुकुलता अनुसार सलाद, घिउ, दही, मोही, दुध, फलफुल, मासु आदि पनि समावेश गर्दा हाम्रो परम्परागत खाना निकै सन्तुलित बन्छ । आहारविद् डा.राजु अधिकारीका अनुसार यति खानेकुरा भएपछि हाम्रो शरीरलाई पुग्छ । हाम्रो खाना स्वादिष्ट, सन्तुलित र स्वस्थकर छ ।

हाल नेपाली बजारमा हरेक रेष्टुरेन्ट र साना खाजा पसलमा सहज उपलब्ध हुने खाजाका परिकारमा मःम र चाउमिन, भारतबाट भित्रिएका चिल्लो , पिरो र मसलेदार ट्वाक्क जिब्रोमा लाग्ने परिकार पर्दछन् । नेपाली मौलिक परिकारमा सातै प्रदेशका अनेक जातजातिका बस्तिहरुमा, गाउँघर कुना कुनामा अनेक प्रकारमा छन् तर उचित प्रचार नै नभई कतै ति मौलिक परिकार हराएर जाने सम्भावना बढेको छ भने बजारमा सहजरुपमा स्वस्थ खानाका परिकार खान खोजी-खोजी हिँड्नु पर्ने अवस्था सिर्जना भएको छ ।

खानाका विविध परिकारहरु पर्यटन आकर्षणको माध्यम त बन्न सक्छन् नै देशको चिनारी र संस्कृतिको एउटा महत्वपूर्ण पाटो पनि हुन् । अमेरिका, जापान, थाइल्याण्ड, मेक्सिको, चीनमा पर्यटन आकर्षणका लागि विभिन्न खाना महोत्सवहरु हुन्छन् भने टर्कीको इस्तानबुल आइसक्रिमको विविध प्रकार व्यापारीहरुको रमाइलो गर्दै बेच्ने शैलीका कारण प्रख्यात छन् । नेपालमा पनि छिटफुट हुने खाना महोत्सवहरुलाई थप प्रवर्धन गर्दै आगामी दिनमा मौलिक र स्वस्थ खानाका परिकारहरुलाई संरक्षण र थप प्रचारको गरिए नेपाल आउने पर्यटकहरुले समेत मःम र केही नेवारी परिकारमा मात्र रम्न पर्ने बाध्यता हट्ने छ ।

कृषि अर्थतन्त्र: एक चिन्तन

प्रा.डा. हरि शर्मा

यस यामको रोपाइँको काम झन्डै-झन्डै सकिएको अवस्था छ । भर्खरै रोपिएका धानका बेर्नाले खेतमा रहेको पानीमुनिको हिलोमा जरो हालिसकेका छन् र खेतहरु हरिया भएर भोलिका दिनमा पसाउने र पाक्ने क्रममा छन् । विश्वभरिका मानिसले धानको चामल खान्छन् । विश्वलाई नै चाहिने धानको खेती पर ापूर्वकालदेखि नै चलिआएको हो । औसत ९० प्रतिशत धानको खेती नेपाल, चीन र भारतमा हुने गर्छ ।

हामी असार १५ गतेलाई राष्ट्रिय धान दिवसका रूपमा मनाउँछौं र त्यसै दिन धान रोपाइँ सुरु गर्छौं । नेपालमा यस वर्ष संसद्मा राजनीति गर्ने र देशलाई चाहिने नीति निर्माण गर्ने सत्तापक्ष र विपक्ष दुवै बेन्चका बहुसंख्यक नेतागणले अभूतपूर्व जागरुकताका साथ ठाउँठाउँमा गएर रोपाइँ गर्दै कृषकको हौसला बढाए । विगतमा भएझैं कुनै कुकृत्यको रिपोर्ट आएन । रोपाइँमा संघीय राज्यसभाका बुझक्कडहरूको संलग्नता सायदै कतै थियो कि ? जे होस्, हामीले बुझ्नुपर्ने के छ भने यस वर्ष देशका विभिन्न जिल्लामा विगतमा झैं शतप्रतिशत कृषियोग्य जमिनमा रोपाइँ भएन । कारक तत्वहरूमा सिँचाइको अभाव, जनशक्तिको अभाव, आधुनिक कृषि सामग्री नहुनु र कृषकका अन्य पिरोलाहरू रहेको बुझिन्छ ।

निश्चित छ, यस वर्ष धानको हाम्रो औसत उत्पादन गत वर्षको भन्दा न्यून नै रहनेछ । सरकारबाट उपलब्ध गराइने मलको वितरण पनि समयमै हुने हो कि होइन, सन्देह छ । सरकारबाट कृषि क्रान्तिका गफहरू धेरै चुटिए, तर कृषि क्रान्ति कृषकबाट नै प्रभावकारी र अर्थपूर्ण हुने वास्तविकतातर्फ सरकारको ध्यान गएन । कृषि मन्त्रालयलाई मनग्य बजेट विनियोजित गरेर कृषि क्रान्तिको कपोल कल्पनामा सरकार अल्झिरह्यो । कृषि मल खरिद गर्न कृषि मन्त्रीलाई भारत पठाउनेजस्ता अनुत्पादक काम गरेर बस्यो सरकार । महिनौंको भारत भ्रमण सकेर कुनै मलबिना रित्तो हात मन्त्रीको स्वदेश आगमन भयो । सुदूर पश्चिमका दुर्गम जिल्लाहरुमा मल र धानचामलका गोदामहरु पूरै वर्षभरि खाली रहे । यसरी कृषि क्रान्ति आउँदैन । नीति निर्मातालगायत प्रत्येक नागरिकले यसको सान्दर्भिक महत्वलाई जानेबुझेको हुनुपर्छ ।

वि.सं. २०२०-२१ मा सम्भवतः नेपालले धान उत्पादनमा रेकर्ड नै कायम गरेको थियो । त्यस वर्ष हामीकहाँ धानको कुल उत्पादन ५.६२ लाख टन थियो । त्यस वर्ष विदेशबाट फर्केका युवाशक्तिको उपलब्धता, पर्याप्त कृषि मलको उपलब्धता र अनुकूल वर्षाका कारण त्यो हुन सकेको बताइन्छ । भारतबाट आयातित तरकारीको मोल बढ्दै जाँदा राजधानीलगायत देशका कुना-कुनामा रहेका घरका करेसाबारी र खाली ठाउँमा रैथाने तरकारीको यथेष्ट उत्पादन भयो । आपूर्तिमा वृद्धि भयो, उत्पादनको सूत्रपात यसरी हुन्छ र हामीले चाहेको क्रान्तिको पनि । यसलाई व्यापकता दिने र उत्पादकत्व बढाउने राष्ट्रिय कार्यक्रम हुनुपर्छ । कृषकलाई राष्ट्रको पाँचौं अंगको मान्यता प्रदान गरेर हरप्रकारले उसलाई सहयोग, अनुदान, प्रोत्साहन आवश्यक जनशक्ति र सहज ऋणको शासकीय व्यवस्था गरिनुपर्छ । अहिले बजारमा नेपाली आँपकै एकछत्र बोलावाला छ । सस्तो, मीठो र आम उपभोक्ताले रुचाएको । हो, यस्तै हुन जरुरी छ, बजारमा पाइने हाम्रा प्रत्येक उपभोग्य वस्तुको अवस्था । आपूर्ति नबढी मूल्य घट्दैन । तसर्थ, बजारमा कुनै पनि वस्तुको आपूर्ति बढी हुनुपर्छ ।

आफ्ना सबै प्रतिबद्धताहरुको उत्तम कार्यान्वयन गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा छोटो अवधिभित्रै अपार लोकप्रियता हासिल गरेका काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साहले हालै महानगरपालिकाको अगुवाइअन्तर्गत राष्ट्रको कृषिक्षेत्रमा हलचल आउने गरी ल्याइने कार्यक्रमको कार्यविधि बनिरहेको खुलासा गरेका छन् । देशभरिका कृषियोग्य बाँझा जग्गाहरूलाई लिजमा लिई काठमाडौं महानगरपालिकाले ती जग्गामा व्यवसायमूलक खेती विशेष गरी तरकारी खेतीको व्यवस्था गर्ने, त्यसका लागि चाहिने जनशक्तिलाई जुटाउन रोजगारी सिर्जना गर्ने र त्यहाँबाट उत्पादित वस्तुको बजार फैलाउँदै जाने लक्ष्य लिइने मेयर साह बताउनुहुन्छ । एउटा स्थानीय स्तरको सरकारको तहबाट यस्तो स्तुत्य कार्यको शुभारम्भले कसरी अन्य स्थानीय सरकार र नागरिकमा उत्पादन र उत्पादकत्वप्रति संचेतना नफैलाउला भन्नु निश्चय पनि अतिशयोक्ति नहोला । संघीय सरकारको एजेन्डामा अपहेलित कृषिले आउँदा दिनहरूमा जनस्तरबाटै ऊर्जा हासिल गर्दै जाने उमेदको दियो प्रज्वलन भएको छ ।

गत आवको बजेटमा मुलुकलाई कृषिजन्य उत्पादनहरुमा आत्मनिर्भर बनाउने उद्देश्यका साथ १० अर्ब विनियोजन गरिएको थियो र त्यसतर्फ प्रारम्भिक कार्य सुरु भइसकेको भए तापनि पछि गएर सरकार चलाउन बजेटको कमी हुने कारण देखाएर आत्मनिर्भरताका लागि कृषि उत्पादन कार्यक्रम नै बन्द गरियो । सरकार चलाउने भनेको अग्रासनीहरुको स्वास्थ्योपचार, मन्त्री, सचिव आदिका निरर्थक विदेश भ्रमण, जनप्रतिनिधिहरुले राज्यकोषबाट विभिन्न बहानामा दाबी गर्ने खर्च, सांसदहरुको अनावश्यक भत्ता आदि नै हुन् । कृषि उत्पादन कार्यक्रम देशको 'लाइफलाइन' हो । यसैलाई उपेक्षा गरेर देश चल्दैन भन्ने कुरा हाम्रा नीतिनिर्माताहरूलाई हेक्का रहनुपर्ने होइन र ?

विश्वकै सन्दर्भमा मिमांसा गर्ने हो भने संयुक्त राष्ट्रसंघले सार्वजनिक गरेको एउटा प्रतिवेदनले जलवायु परिवर्तनका कारण निकट भविष्यमा संसारभरि भोकमरी निम्तिन सक्ने खतराको संकेत गरेको तथ्यलाई औंल्याएको छ । हिमालको हिउँ द्रुततर रूपमा पग्लँदै जानु, भारी बर्सातको याममा पनि कतिपय ठाउँ खडेरीग्रस्त रहनु, पहिरो र भू-क्षयको भयावह अवस्था कायमै रहनुले एवं बढ्दो सहरीकरण तथा औद्योगीकरणको तीव्रताले पनि उक्त प्रतिवेदनको पुष्टि गरेको बुझिन्छ ।

हालैको तथ्यांकअनुसार १ लाख ४७ हजार ५ सय १६ वर्गकिलोमिटरमा विस्तारित नेपालको भूभाग (जोग्राफी अफ नेपाल-विकिपेडिया) को मात्र २८ प्रतिशत, जसमा २० प्रतिशतमा खेती हुन्छ, ७ प्रतिशत त्यसै रहेको छ । ४० प्रतिशत वन क्षेत्र छ र १२ प्रतिशत गौचरण (घाँसे मैदान) रहेको तथ्यांकले बताउँछ । वि.सं २०२१-२२ मा कृषिले मात्रै देशको कुल गार्हस्थ्य उत्पादनमा २३.९५ प्रतिशत योगदान गरेको देखिन्छ । विश्वको कुल भू-भागको ९० प्रतिशत कृषियोग्य जमिन एसिया महादेशमै पर्छ । नेपाल, भारत, चीन कृषिजन्य उत्पादनमा अग्रपंक्तिमा पर्छन् । संयुक्त राष्ट्रसंघले भोकमरीको जुन संकेत गरेको छ, त्यसलाई टार्न एसिया महादेशले नै नेतृत्वदायी भूमिका वहन गर्नुपर्ने हुन्छ । अन्यथा विश्व भोकमरीको अवस्थामा नेपाललगायतका अन्य छिमेकी मुलुकहरू कुनै पनि अवस्थामा अपवादमा पर्ने देखिन्न ।

हाम्रा प्रधानमन्त्रीको आगामी चीन भ्रमणको एजेन्डा परराष्ट्रले तयार पारिरहेको होला । पंक्तिकारको विनम्र आग्रह छ, नेपालमा कृषि उन्नयनबारे पनि एउटा एजेन्डा राखिदिनुहोला । यो आलेख तयार पार्दापार्दै एजेन्सी फ्रान्स प्रेसको फिलिपिन्सका कृषकहरुबारे एउटा गहकिलो समाचार आएको छ । फिलिपिनी राष्ट्रपति फर्डिन्यान्ड मार्कोसले देशभरिका झन्डै ५ लाख कृषकको खेतीयोग्य जग्गासम्बन्धी युएस डलर १ अर्ब ५० करोड रकमको ऋण एउटा कानुनमार्फत कृषकले अब तिर्नु नपर्ने गरी मिनाहा गरिएको घोषणा गरेका छन् । यस घोषणाको मुख्य लक्ष्य मुलुकमा कृषिजन्य उत्पादनलाई बढाउनु

...बाँकी पृष्ठ ३ मा

शिक्षक संगठनको जिल्ला परिषद सम्पन्न

समाज संवाददाता

हेटौंडाः नेपाल राष्ट्रिय शिक्षक संगठन मकवानपुरको १७ औं जिल्ला परिषद् शनिबार हेटौंडामा सम्पन्न भएको छ । संगठनको राष्ट्रिय समिति अध्यक्ष विष्णुप्रसाद भण्डारीको प्रमुख आतिथ्य तथा केन्द्रीय सदस्य लक्ष्मी गजुरेलको विशेष आतिथ्य रहेको कार्यक्रमलाई जिल्ला अध्यक्ष श्रीराम दाहालले अध्यक्षता गर्नुभएको हो ।

परिषद्कै अवसरमा सेवा निवृत्त शिक्षकलाई सम्मान गरिएको छ भने नवप्रवेशी शिक्षकलाई स्वागत गरिएको छ । २०७९ मा उत्कृष्ट गतिविधि गर्ने संगठनको भीमफेदी पालिका समितिलाई नगद ५ हजारसहित सम्मान गरिएको छ। कार्यक्रम सञ्चालकसमेत रहेका जिल्ला सचिव मुकुन्द न्यौपानेले संगठनको वार्षिक सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष भावना सापकोटाले आर्थिक प्रतिवेदन पेश गर्नुभएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि भण्डारीले शिक्षकको पेशागत सवालमा उठेका समसामयिक मुद्दामाथि सरकारसँग भइरहेका छलफलहरु र संघीय शिक्षा ऐनबारे प्रष्ट पार्नुभएको थियो । कार्यक्रममा उहाँले सहभागीबाट उठेका जिज्ञासाका बारेमा पनि प्रष्ट्याउनुभएको थियो। विशेष अतिथि गजुरेलले मकवानपुर संगठनको जननी जिल्लासमेत भएको हुनाले यो जिल्लाले त्यसको गरिमा कायम राख्न कतैपनि चुक्न नहुने धारणा व्यक्त गर्नुभयो ।

कार्यक्रममा पेशागत महासंघका केन्द्रीय सदस्य माया पौडेल, पूर्वकेन्द्रीय सदस्य पद्मा पौडेल, निवृत्त शिक्षक समाज केन्द्रीय सचिव अभिमन्यू गौतम, संगठन बागमती प्रदेश सचिवालय सदस्य पूर्ण पुरी, सदस्य सुनिल गौतम, शिक्षक महासंघ मकवानपुरका अध्यक्ष जीधराज ढकाल, सहसचिव सागर खतिवडा, संगठन आवद्ध देवकृष्ण पण्डित, खड्ग पुलामी, अर्जुन पोखरेललगायतको आतिथ्य रहेको थियो । त्यस्तै, जिल्ला उपाध्यक्षद्वय प्रतिमा गौतम एवम् कृष्णप्रसाद पौडेल, शिक्षक सहकारी अध्यक्ष सीताराम दहाल, संगठन जिल्ला सहसचिव चन्द्रादेवी लामा बल, सहकोषाध्यक्ष सविता लामिछाने, सचिवालय सदस्यद्वय डीबी बर्तौला र सूर्य मोक्तान, हेटौंडा नगर इन्चार्जद्वय बालकुमार श्रेष्ठ र नारायण कँडेल, संगठनको नगर अध्यक्ष गोपीरमण प्याकुरेललगायत अन्य पालिकाका अध्यक्ष तथा पदाधिकारी साथै संगठनका आजीवन तथा साधारण सदस्यहरुको उत्साहजनक उपस्थिति रहेको कुरा संगठन प्रचार विभाग प्रमुख डीबी बर्तौलाले जानकारी दिनुभयो ।

भूटनदेवीले गऱ्यो विद्यार्थी सम्मान

रोहित थापा क्षेत्री

हेटौंडाः हेटौंडाकै पुरानो भूटनदेवी माध्यमिक विद्यालयले एसईईमा उच्चतम जीपीए ल्याउने विद्यार्थीलाई सम्मान गरेको छ। शनिबार विद्यालयले एक कार्यक्रम गरी शैक्षिक सत्र २०७९ को माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसईई) मा जीपीए ३.६ भन्दा बढी ल्याउने विद्यार्थीलाई सम्मान गरिएको हो ।

अघिल्लो बिहीबार एसईई परीक्षाको नतिजा सार्वजनिक भएपछि विभिन्न विद्यालयले आफ्ना विद्यार्थीलाई बधाई, शुभकामना दिन औपचारिक कार्यक्रम गरिरहेका छन् । यसै क्रममा भूटनदेवी माविले पनि एसईई उत्तीर्ण विद्यार्थीलाई बधाई तथा शुभकामना दिँदै सम्मान गरेको हो ।

भूटनदेवी माविले एसईईमा जीपीए ३.६ भन्दा बढी ल्याउने विद्यार्थीहरुलाई कदरपत्रसहित सम्मान गरिएको छ । विद्यालय व्यवस्थापन समिति अध्यक्ष फुर्वा लामा, प्रधानाध्यापक माधव दाहाललगायतले उत्कृष्ट जीपीए ल्याउने विद्यार्थी दावा शेर्पा, यादव रविना अधिकारी, अभिलेशकुमार यादव, रविकुमार यादव, शुभम्राज साह रहेका छन् । सम्मानपत्र ग्रहण गर्दै आफ्ना साथीहरुसँग छुट्टिनु पर्दा केहि खल्लो भएको तर पनि आफ्नो भविष्यको लागि अघि बढने बताए ।

विद्यालयबाट शैक्षिक सत्र २०७९ मा २०३ जना विद्यार्थीले एसईई परीक्षा दिएको विद्यालयका सहायक प्रधानाध्यापक वेदराज कोइरालाले बताउनुभयो। उच्च जीपीए ल्याउने विद्यार्थीहरुको उज्वल भविष्यको कामना गर्दै विद्यालयको गरिमालाई उच्च राख्न आग्रह गरिएको उहाँले जानकारी दिनुभयो ।

कक्षा ११ र १२ अध्ययन गर्न भूटनदेवी माध्यमिक विद्यालयलाई रोज्न विद्यार्थीलाई आग्रह गरिएको छ । सहायक प्रधानाध्यापक वेदराज कोइराला भन्नुहुन्छ– 'यस विद्यालयमा विद्यार्थीहरुको रोजाई अनुसारका विज्ञान, व्यवस्थापन, इन्जिनियरिङ विषयहरु पठाइ भइरहेको जानकारी दिनुभयो ।

विद्यालयप्रति विद्यार्थीमा सकारात्मक सोच तथा भावनाको विकास गराउँदै कक्षा ११ मा सोही विद्यालय छनौट गर्न आग्रह गरिएको कोइरालाको भनाइ छ। कुन विषय लिई पढ्ने निर्णय गर्न विद्यार्थीलाई सहजीकरण गर्ने उद्देश्यले विदाई कार्यक्रको आयोजना गरेको उहाँले बताउनुभयो ।

पारिजातपथको मर्मत समयमै होस् ।

आदरणीय सम्पादकज्यू
समृद्ध समाज दैनिक

बागमती प्रदेशको राजधानी हेटौंडाको मुख्य बजार क्षेत्रमै पर्ने पारिजातपथ समयमै मर्मत नहुँदा बाटो हिँड्ने यात्रुहरुले सास्ती झेल्नुपरेको छ । खाल्डाखुल्डीमा पानी जम्दा वर्षायाममा सडकमा पेटीमा हिँड्ने यात्रुले सवारीसाधनले छ्याप्ने हिलो-मैलो सहनु परेको छ। अझ मर्मतको अभावमा जर्जर भएको सडकका कारण दुर्घटनाको जोखिम त छँदैछ । केही समय अगाडि हेटौँडा-८ निवासी सुदीप गिरीले चलाएको स्कुटरलाई ठक्कर दिएर भागेको सवारी साधनको अत्तोपत्तो छैन। जसले स्कुटरको मात्र क्षति भएन कि उहाँकी छोरीको खुट्टामा चोट लागेर अहिले पनि दुःख झेल्नुपरेको त जगजाहेरै छ ।

त्यस्तै केही समय अगाडि विप्लव नेतृत्वको माओवादीले खाल्डाखुल्डी पुरेको भन्ने समाचार पनि सुन्नमा आएको थियो तर गर्नका लागि मात्र गरिएको देखियो । यसरी कहिलेसम्म हामी चुप लागेर टुलुटुलु हेरेर बस्ने सम्पादकज्यू ? स्थानीय चुनाव भएको लामो समय बितिसक्दा पनि निर्वाचित जनप्रतिनिधिहरुको ध्यान नपुग्नु बिडम्बनापूर्ण छ । सडक विकासको महत्वपूर्ण पुर्वाधार त हो नै सडक शहरको शोभा पनि हो। सडकको दूरावस्था भनेको शासन व्यवस्था र शहरीकरणको दूरावस्थाको पर्दा हो ।

आम जनताको दैनिकीसँग जोडिएको यत्ति ब्यस्त सडकको मर्मतमा स्थानीय सरकार र बागमती प्रदेश सरकारको ध्यान जान अब ढिला हुनु हुँदैन। यसका लागि अझै शसक्त भएर समाचार सम्प्रेषण गरी उक्त बाटो मर्मत गर्न दबाव सिर्जना गर्नुहुने छ भन्ने पूर्ण विश्वास लिएको छु। तपाईंले सम्प्रेषण गर्नुभएका धेरैजसो समाचारको सुनावाई हुने हुँदा यसको पनि सुनाइ हुन्छ भन्ने आश राखेकी छु।

अनुषा उप्रेती
कक्षा-९, नवोदय शिशु सदन

बराम कार्यवाहक अध्यक्ष

समाज संवाददाता

हेटौंडाः नेपाली काँग्रेसको भातृ संगठन नेपाल विद्यार्थी (नेवि) संघको मकवानपुर बहुमुखी क्याम्पस इकाईको कार्यवाहक अध्यक्षको जिम्मेवारी बुद्ध बहादुर बरामलाई दिइएको छ । नेपाल विद्यार्थी संघको विधान २०२७ को सातौं संशोधन २०७५ बमोजिम इकाई अध्यक्ष उमेश लाल स्याङ्तानले बरामलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी दिनुभएको हो ।

बराम मकवानपुर बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) मा समानुपातिक प्रणालीमार्फत सदस्य निर्वाचित हुनुभएको छ । बराम मकवानपुर बहुमुखी क्याम्पसमा स्नातक तहमा बाणिज्य शास्त्र संकायका विद्यार्थी हुनुहुन्छ । मकवानपुरको बकैया गाउँपालिकाका बराम नेपाल विद्यार्थी संघ र स्ववियु दुवै मञ्चबाट आफू विद्यार्थी वर्गको हकहितका लागि क्रियाशील रहने बताउनुहुन्छ । संगठनको नेतृत्वको जिम्मेवारीलाई आफूले सामूहिकरुपमा स्वीकार्य हुने गरी उपयुक्त कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुन्छ ।

विद्यार्थीलाई हौसला र सम्मान

समाज संवाददाता

हेटौंडाः एसईईमा उत्तीर्ण विद्यार्थीका लागि हेटौंडा-१८ स्थित मकवानपुर बाल विद्या सदनले हौसल प्रदान गर्नुका साथै सम्मान गरेको छ। विद्यालयकै बालविद्या सत्पथ बाल समुहकी अध्यक्ष रबिना सापकोटाको सभाध्यक्ष तथा वडा अध्यक्ष अनिल कुमार बानियाँको प्रमुख आतिथ्यमा विद्यार्थीलाई हौसला एवम् सम्मान प्रदान गर्ने कार्यक्रम भएको हो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरकी सदस्य विष्णुमाया थपलिया, वडा सदस्य योगराज खतिवडा तथा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका प्रतिनिधिको पनि उपस्थिति रहेको थियो । कार्यक्रममा एसईई उत्तीर्ण विद्यार्थी तथा अभिभावकले उत्कृष्ट नतिजाको सम्बन्धमा आफ्ना अनुभव प्रस्तुत गरेका थिए। सम्पूर्ण विद्यार्थीको नतिजाको उच्च मूल्यांकन गर्नु तथा आगामी दिनमा सोही नतिजालाई कायम गर्दै लैजान हौसला प्रदान गर्न विद्यार्थीलाई सम्मान कार्यक्रम गरिएको प्रिन्सीपल सुदीप राज गिरीले बताउनुभयो। एसईई उत्तीर्ण ११ जना विद्यार्थीलाई सम्मानपत्रसहित उपहारस्वरुप प्रतिविद्यार्थी एक थान पुस्तक समेत हस्तान्तरण गरिएको छ। विद्यालयबाट ११ जना विद्यार्थीले एसईईमा सहभागी भएकोमा ३.९ उच्च जिपिएसहित ३.६ देखि ४ जिपिएसम्म ५ जना र ३.२ देखि ३.६ सम्म ६ जना विद्यार्थी उत्तीर्ण भएका छन्।

विरुवा रोपेर नक्षत्र बाटिका स्थापना

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्लाको भीमफेदी गाउँपालिका-१ स्थित दरबारडाँडामा एकै स्थानमा विभिन्न २७ प्रजातिको विरुवा रोपेर नक्षत्र बाटिका स्थापना गरिएको छ। बिहीबार डिभिजन वन कार्यालय राप्ती मनहरीले सामुदायिक वनमा एक कार्यक्रमका बीच एकै स्थानमा विभिन्न २७ प्रजातिका विरुवा रोपेर नक्षत्र बाटिका स्थापना गरेको डिभिजनल वन अधिकृत बिष्णुप्रसाद आचार्यले बताउनुभयो।

पूर्वीय दर्शनअनुसार ग्रह, नक्षत्रको सन्तुलन विरुवाद्वारा हुने हुँदा २७ नक्षत्र अनुसारको २७ प्रजातिका विरुवा रोपिएको अधिकृत आचार्यले बताउनुभयो । बाटिकामा २७ नक्षत्र अनुसार अमला, समि, जामुन, आँक, बाँस, मालश्री, रिठ्ठा, पलास, डुम्री, सिसौ, पिपल, नागकेशरी, बर, बेल, अर्जुन, कंकेरो, सिमल, राजबृक्ष, कटहर, कदम, आँप, नीम, केरा, महुवा, खयर, लहरे पिपल र वेत गरी २७ प्रजातिका विरुवा रोपिएको उहाँले बताउनुभयो। वनजंगलको संरक्षण एवम् प्राकृतिक र सांस्कृतिक हिसाबले महत्वपूर्ण हुने भएकाले जिल्लामै नयाँ प्रयोग गरेको उहाँले बताउनुभयो। नक्षत्र बाटिका प्रकृति र संस्कृतिको समायोजन हुने उहाँले बताउनुभयो।

अध्यक्षले शिक्षकमाथि...

ल्यापटप प्रदान गर्न पालिकाले बजेट छुट्याएको अध्यक्ष कालाखेतीले बताउनुभयो। शहीद स्मृति बाल कल्याण प्राविका प्रधानाध्यापक पशुपति पाठकले आफूहरुले राजीनामा बुझाउने तयारी गरे पनि नबुझाएको बताउनुभयो। पालिका अध्यक्षले विभिन्न कार्यक्रमहरुमा शिक्षकहरुलाई लाञ्छना लगाउने खालको अभिव्यक्ति दिने गरेको र समाचारहरु प्रकाशित भएपछि आफूहरुले सामूहिक राजीनामा बुझाउन खोजेको उहाँले जानकारी दिनुभयो। लाञ्छना लगाइसकेपछि आफूहरु अर्को विद्यालय कसरी जाने भन्ने समस्या भएको पाठकको भनाइ छ ।

कृषि अर्थतन्त्र...

रहेको छ । पिलिपिन्सको सन् १९८८ को भूमि सुधार ऐनपश्चात् त्यहाँ कृषकले जग्गा प्राप्त गरेपछि ३० वर्षमा त्यसको मोल सरकारलाई बुझाउनुपर्ने थियो ।

तर, त्यहाँका ६ लाख १० हजार कृषकले त्यो रकम सरकारलाई बुझाउन सकेका थिएनन् । नेपाल सरकारले पनि यसलाई एउटा दृष्टान्तका रुपमा लिएर स्वदेशमै कृषि गरेर जीविका चलाइरहेका कृषकको मनोबल बढाउन कुनै आकर्षक स्किम वा प्रोत्साहन प्याकेज ल्याउन सक्दैन र ? एउटा जिज्ञासा। यहींनेर म महानगर पालिका (कालीकोट) लाई साधुवाद ज्ञापन गर्न चाहन्छु, नपाले ल्याएको एक घर एक ओखर बिरुवा नीतिका लागि। कस्तो विडम्बना, कृषिमा आत्मनिर्भरताका लागि छुट्ट्याइएको बजेट सरकार चलाउन रकमान्तर गरिन्छ। यो घातक प्रवृत्ति हो सरकारको । कुनै पनि क्षेत्रमा यसको पुनरावृत्ति नहोस् ।

मेयर बालेनको प्रस्तावित परियोजनाले विश्वभरि नै तहल्का मच्चाउने अवश्यम्भावी छ। नेपालको कृषि क्रान्तिको अभियानमा एउटा कोसेढुंगा मात्र होइन, अन्य मुलुकहरुका लागि पनि यो अनुकरणीय ठहरिनेछ। हामी नेपाली जनता पनि काठमाडौं महानगरको यस साहसिक र ऐतिहासिक कदमको कार्यान्वयनको अवलोकन गर्न बडो उत्सुकताका साथ पर्खाइमा छौं। असम्भव केही हुँदैन। जहाँ चाह, वहाँ राह। देशलाई समृद्ध बनाउन हामीले गिप्पी भएर होइन, गजराजको स्वभाव विकसित गर्नुपर्छ । धरानका मेयर हर्क साम्पाङले आफैं ढुंगा बोकेर अहोरात्र पसिना बगाएर, सरकारको एक पैसा खर्च नगरेर स्वयंसेवी जुटाएर ४१ किमि टाढाबाट धरानमा पानी ल्याए त !

कृषि र खाद्य सुरक्षा सरकारको प्रमुख जिम्मेवारीहरूमध्ये अत्यन्तै महत्वपूर्ण जिम्मेवारी हो । यस क्षेत्रलाई गौण मान्नु सरकारको अक्षम्य त्रुटि ठहरिनेछ। वर्तमान सन्दर्भमा सरकारको ध्यान कसरी हुन्छ, हाम्रा भावी कर्णधारहरूलाई विदेश पलायन गराउनु मात्रै रहेको देखिन्छ । सरकारको अर्जुनदृष्टि सत्तासुरक्षा र रेमिटेन्समा अडिएको देखिन्छ। युवाहरुलाई भेडा चराउन खाडी पठाउने, जहाज बनाउन दक्षिण कोरिया पठाउने, बेलायतको स्वास्थ्य क्षेत्रको माग आपूर्ति गर्न नेपाली नर्स/डाक्टरहरुलाई युके पठाउने, आइसिटीका दक्ष युवाहरुलाई अमेरिका पठाउने जस्ता काममा ऊ व्यस्त छ। प्रतिष्ठित म्यानपावर र कन्सल्टेन्सीहरुको व्यवसाय भने निःसन्देह फस्टाएको होला । केही स्वरोजगार नेपालीहरु लाभान्वित भएका होलान् । तर, निमेषमात्रका लागि सोचौं, हामी र हाम्रो पारिवारिक, सामाजिक, आर्थिक र राजनीतिक अस्तित्व कसरी खुइलिँदै गइरहेको छ बारे ।

नीरस र निर्जन बन्दै गइरहेका हाम्रा गाउँघर, वनमाराले छोपेका हाम्रा खेतबारी र करेसाहरु । चिलिमभरि धूलो भरेर धूवाँ फुक्दै/अँगेना छेउमा बसेर खङ्खङ् खोकिरहेका हाम्रा बाजेबजैहरु। यही हो, हाम्रो संविधानले कोरेको नयाँ नेपालको मानचित्र ? हाम्रो राष्ट्रको अविकसित अवस्थामा सत्ता सुरक्षित राख्ने नेतृत्वका दुष्प्रयास तथा कुशासनको निरन्तरताको अन्त्य गर्दै सेवा प्रवाह, उत्पादनशील कलकारखानाबाट हुने आर्थिक विकासको त कल्पनै गर्न सकिँदैन। अहिले देशले भोगिरहेको आर्तमय आर्थिक अवस्थामा एकमात्र कृषि अर्थतन्त्रलाई प्राथमिकताका साथ राष्ट्रिय कार्यक्रममा समाहित गर्नुपर्ने र आमनागरिकलाई कृषि तथा खाद्य सुरक्षाको प्रत्याभूति दिन सक्ने स्थितिमा मात्र देशले एउटा सुखद समयको अनुभव बटुल्न सक्छ । *(स्रोतः कारोबारदैनिक)*

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश

राजश्व संकलन कार्य बन्द हुने सम्बन्धी सूचना

प्रस्तुत विषयमा यस कार्यालय अन्तर्गत राजश्व प्रशासन शाखाबाट सम्पादन हुँदै आएको राजश्व सम्बन्धी सेवाहरु आर्थिक वर्षको प्रारम्भमा कम्प्युटरकृत तथ्याङ्क अद्यावधिक र आन्तरिक तयारी गर्नु पर्ने भएकोले मिति २०८० श्रावण १ गतेदेखि ५ गते सम्म राजश्व प्रशासन शाखाबाट प्रदान गरिने सबै सेवाहरु तथा वडा कार्यालयबाट गरिने राजश्व सम्बन्धी सेवाहरु बन्द रहने ब्यहोरा सम्बन्धित सबै सेवाग्रहीहरुमा निर्देशनअनुसार जानकारी गराईन्छ । यसबाट सेवाग्राहीमा परेको असुविधाप्रति उपमहानगरपालिका क्षमायाचना गर्दछ ।

शाखा प्रमुख
राजश्व प्रशासन शाखा

हेटौंडा उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

हेटौंडा, मकवानपुर
बागमती प्रदेश

सार्वजनिक सूचना

यस उपमहानगरपालिका क्षेध भित्र संचालनमा रहेको क्रसर तथा बालुवा प्रशोधन उद्योगहरुको आ.व. २०७९०/०८० को कारोबार बिवरण सहित अन्तिम मौज्दात प्रमाणित गरी नयाँ आर्थिक वर्ष २०८०/०८१ को कारोबार सुचारु गर्नु पर्ने कानुनी प्रावधान रहेकोले मिति २०८० श्रावण १ गतेदेखि अर्को सूचना नभएसम्मको लागि उद्योगबाट नदीजन्य पदार्थको बिक्री बितरण कार्य नगर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि निर्देशनअनुसार यो सार्वजनिक सूचना जारी गरिएको छ ।

राजश्व प्रशासन शाखा
हेटौंडा उपमहानगरपालिका

हेटौंडा रिफरेन्स ल्याबरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।

(HRL)

खुल्ने समयः बिहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्याबरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

स्वादिष्ट नेवारी खाजा

अब होटल बासुकला (फास्टफुड) मा

() स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।
() नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

हेटौंडा कृषि बजार

हेटौंडा-४, मेनरोड

सूचना सूचना सूचना

यहि मिति २०८० साल असार ५ गतेबाट यस **त्रिवेणी भेजिटेबल मार्ट प्रा.लि** द्वारा संचालित हेटौंडा कृषि तरकारी बजार संचालन हुन गइरहेको छ ।

सेवाहरू
- एकै ठाउँमा सबै किसिमका खाद्यान्न सामाग्रीहरु जस्तैः स्वच्छ ताजा तरकारी, फलफूल, जुस ।
- दूध, दही लगायत दूधबाट बन्ने सबै किसिमका परिकारहरु ।
- खसी, कुखुरा तथा राँगाको मासु स्वच्छ तथा सफा वातावरणमा पाइने ।
- पर्याप्त पार्किङ्गको व्यवस्था भएको साथै मेनरोड र नारायणी मल सँगै जोडिएको र आवजावतको सजिलो व्यवस्था भएको
- सेकुरिटी गार्ड सहित सिसि क्यामराद्वारा निगरानी गरिने ।

(**नोट**: यस मार्टमा केही स्टल खाली भएकोले इच्छुक महानुभावले तुरुन्त सम्पर्क गरी आफ्नो स्टल सुरक्षित राख्नुहोला ।)

सम्पर्कः ९८०२६५३९०७,९७४१६८०१८७,९८४१२१७२७९



स्टल सिमित छ ।

चितवनका पत्रकार पराजुलीको कथासंग्रह मोम्चोमाथि हेटौँडामा परिचर्चा

आफ्नो कृतिका बारेमा जानकारी गराउनुहुँदै कथाकार बसन्त पराजुली ।

समाज संवाददाता

हेटौँडा: चितवनका पत्रकार बसन्त पराजुलीको कृति मोम्चोको हेटौँडामा परिचर्चा कार्यक्रम भएको छ । शनिबार हेटौँडास्थित किताबघरमा पराजुलीको दोस्रो कृति कथासंग्रह मोम्चोमाथि परिचर्चा गरिएको हो। सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलको अध्यक्षता तथा साहित्यकार ह्यग्रीव आचार्यको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो। पराजुलीको कृतिमाथि साहित्यकार नीरा शर्मा र हरि पौडेलले टिप्पणी गर्नुभएको थियो ।

नीरा शर्माले चेपाङ भाषामा मोम्चो भनेको महिला भनी बुझाउने शब्द भएको उल्लेख गर्नु हुँदै मोम्चो महिलावादी कृति भएको बताउनुभयो । कथामा यथार्थ र काल्पनिकताको सन्तुलित प्रस्तुती हुनुपर्ने औँल्याउनुहुँदै शर्माले मोम्चोमा कल्पना भन्दा बढी यथार्थपरकता रहेको बताउनुभयो । भाषाशैलीका दृष्टिले सुरुवाती लेखन प्रभावकारी देखिए पनि कथाको मूल विषयमा पुग्दा कमजोर देखिएको स्पष्ट पार्नुभयो ।

यस्तै हरि पौडेलले मोम्चोका कथाहरु एक बसाईमै पढेर सक्न प्रेरित गर्ने किसिमको सरल रहेको बताउनुभयो । विपन्न महिलाका समस्यालाई उजागर गर्न मोम्चो सफल भएको उहाँको भनाइ थियो । सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिलले भाषा र सन्दर्भका विषयमा टिप्पणी गर्नुभयो । हेटौँडाका साहित्यकारको टिप्पणीपछि कथाकार पराजुलीले घर, समाजमा यत्र-तत्र कथा रहेको उल्लेख गर्नुभयो। पहाडी समाजमा महिलाका समस्यालाई उजागर गर्न कथा लेखिएको पराजुलीको भनाइ छ । आफू पत्रकार भएर समाचारमा नसमेटिएका विषयलाई पुस्तकको स्वरुपमा कथामा प्रस्तुत गरिएको पराजुलीले स्पष्ट पार्नुभयो।

साहित्यकार सामना पहाडले नारीका नियतिलाई मोम्चोमा प्रस्तुत व्यक्त गरिएको बताउनुभयो । आफूले ३ वटा मात्रै कथा पढ्न भ्याएको उल्लेख गर्नुहुँदै कथाले महिलालाका सकारात्मक पक्षलाई पन समेट्न सकेको भए अझ राम्रो हुने सुझाव दिनुभयो । काठमाडौंको भुँडीपुराण प्रकाशनले प्रकाशन गरेको मोम्चो २०७८ साल मंसिर महिनामा प्रकाशित कृति हो । दोस्रो संस्करण २०७९ साल असारमा प्रकाशित मोम्चोमा ११ वटा कथा संग्रहित छ । यसअघि पराजुलीको कुमाता कथासंग्रह प्रकाशित छ ।

भानु जयन्तीमा कविता प्रतियोगिता

समाज संवाददाता

हेटौँडाः हेटौँडा-४ को सृजनशील बाल समूह, चिल्ड्रेनपार्कले २१० औं भानु जयन्तीको अवसरमा बाल कविता प्रतियोगिता आयोजना गरेको छ। समूहकी अध्यक्ष सदिच्छा उप्रेतीको सभाध्यक्ष तथा कवि चेतप्रसाद पौडेलको प्रमुख आतिथ्यमा शुक्रबार प्रतियोगिता आयोजना गरिएको हो।

प्रतियोगितामा प्रसिद्धिका लामा प्रथम, प्रग्नेश घिमिरे द्वितीय र अनुश्री न्यौपाने तृतीय हुन सफल भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुनेलाई पुस्तकले पुरस्कृत गरिएको छ । निवृत्त शिक्षक तथा कवि बिष्णु गौतम र कवि किशन पौडेलले नेतृत्व भूमिका निर्वाह गर्नुभएको छ । प्रतियोगितामा ७ जना सहभागी भएका थिए।

कार्यक्रममा ४ नम्बर वडाका बाल सहजकर्ता अमिसा अधिकारी, चिल्ड्रेनपार्क टोल विकास संस्थाका अध्यक्ष गणेशकुमार श्रेष्ठलगायतको उपस्थिति थियो ।

सामुदायिक रेडियो, रेडियो निकास ९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

पुस्तक चर्चामा निमिषा, भूमिका र स्तुति उत्कृष्ट

पुस्तक चर्चामा उत्कृष्ट तीन विद्यार्थीहरु पुरस्कृत भएपछि।

समाज संवाददाता

हेटौँडाः २१० औं भानु जयन्तीको अवसरमा शुक्रबार हेटौँडा-४, कमलडाँडास्थित नवोदय शिशु सदन माविमा पुस्तक परिचर्चा कार्यक्रम भएको छ । नवोदय साहित्यिक बगैंचा बाल क्लबको आयोजनामा भएको प्रतियोगितात्मक पुस्तक परिचर्चा कार्यक्रममा ७ वटा विद्यालयबाट ७ जना विद्यार्थी सहभागी थिए। आफूले अध्ययन गरेका जुनसुकै पुस्तकको चर्चा गर्न सकिने कार्यक्रममा सहभागीमध्ये ३ जनाले भानुभक्तकै विषयमा लेखिएको पुस्तकको चर्चा गरेका थिए।

प्रतियोगितामा जीएस निकेतन माविकी निमिषा निरौला, आधुनिक राष्ट्रिय माविकी भूमिका ओझा र नवोदय शिशु सदन माविकी स्तुति गुरागाईं उत्कृष्ट तीन घोषित हुँदै पुरस्कृत भएका छन् । उत्कृष्ट तीनमा पर्न सफल सहभागीसँगै कार्यक्रममा सहभागी सबै विद्यार्थीलाई पुरस्कारस्वरुप पुस्तक प्रदान गरिएको छ। क्लबकी अध्यक्ष विदुषी हुमागाईको अध्यक्षता तथा साहित्यकार ह्यग्रीव आचार्यको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा साहित्यकार निमेष निखिल र छवि अनित्यले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो । यस किसिमको प्रतियोगिताले विद्यार्थीले नयाँ नयाँ कुरा सिक्ने अवसर प्राप्त हुने क्लबकी अध्यक्ष विदुषी हुमागाईले बताउनुभयो । कार्यक्रममा नवोदय साहित्यिक बगैंचा बाल क्लबकी संस्थापक अध्यक्ष ईलिशा पराजुलीको पनि आतिथ्य रहेको थियो ।

केशवलाल श्रेष्ठ प्रतिष्ठानको साधारणसभा

समाज संवाददाता

हेटौँडा: केशवलाल श्रेष्ठ स्मृति केन्द्रीय प्रतिष्ठानको आठौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशन शनिबार हेटौँडामा भएको छ । भलिबल खेलका तत्कालिन प्रमुख राष्ट्रिय प्रशिक्षक केशवलाल श्रेष्ठको २०७२ सालको भूकम्पमा परी निधन भएको थियो । भलिबल खेलमा उहाँको योगदानको कदर गर्दै हेटौँडामा प्रतिष्ठान गठन गरिएको छ।

शनिबार प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टको अध्यक्षता तथा प्रतिष्ठानका संस्थापक अध्यक्ष एवम् निवर्तमान नगर प्रमुख हरिबहादुर महतको प्रमुख आतिथ्यमा उद्घाटन कार्यक्रम भएको हो । कार्यक्रममा प्रतिष्ठानका अध्यक्ष प्रताप विष्टले भलिबल खेलको प्रमुख राष्ट्रिय प्रशिक्षक जस्तो उच्च ओहोदामा पुगेर साझा भएर काम गर्न सक्नु, भलिबल खेलमा उल्लेखनीय योगदान पुऱ्याउनुभएकै कारण केशवलाल श्रेष्ठको निधनपछि प्रतिष्ठान गठन गरेर भलिबल खेलकै विकासमा केही सकारात्मक कार्य गर्न खोजेको बताउनुभयो । प्रतिष्ठानले असहज अवस्थामा पनि नगर, जिल्ला र राष्ट्रियस्तरको भलिबल प्रतियोगिता आयोजना गर्दै आएको र विभिन्न प्रतियोगितामा सहभागिता जनाउँदै आएको जानकारी गराउनुभयो ।

कार्यक्रममा निवर्तमान नगरप्रमुख हरिबहादुर महतले पछिल्लो समय हेटौँडामा खेल पूर्वाधारको विकास पर्याप्त हुँदै गएको र त्यसको संरक्षण र प्रयोग गरी राम्रा खेलाडी उत्पादनमा ध्यान दिनुपर्ने औँल्याउनुभयो। ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले नयाँ खेलाडी उत्पादन गर्न एकेडेमी नै सञ्चालन गर्न आवश्यक रहेको बताउनुहुँदै वडाको तर्फबाट गर्न सक्ने काम गर्दै आएको र नगरमार्फत पनि उल्लेखनीय कार्य गर्न पहल गर्दै आएको बताउनुभयो। ५ नम्बर वडा अध्यक्ष सुशील घिमिरेले विद्यालय तहमै खेलकुदका गतिविधि गर्न जरुरी रहेको बताउनुभयो । मकवानपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीले खेलकुद संघका पदाधिकारीसँग छलफल गरेर वार्षिक खेल तालिका नै तयार पार्ने योजनामा रहेको पनि बताउनुभएको छ ।

हार्दिक बधाई तथा शुभकामना

कृतिका बराल (३.७६) समिर दंगाल (३.६८) अनुसन्धान चापागाईं (३.६५) अस्मिता कुमारी साह (३.६०)
समीक्षा अर्याल (३.५५) स्नेहा दाहाल (३.५५) सुरक्षा घिमिरे (३.५०) समिरा भोम्जन (३.४०) सपना पुडासैनी (३.४०) मधु कुमारी ठाकुर (३.४०) श्यामलाल श्रेष्ठ (३.३६) दीपिशा न्यौपाने (३.३५) सविना आचार्य (३.३५) सुविका राई (३.३५) झरना राना (३.३२)
आराधना सापकोटा (३.३०) आयुष बस्नेत (३.२०) अस्वी गौतम (३.२०) शुभेच्छा भट्टराई (३.२०) देवीमाया भोलन (३.२०)

यस विद्यालयबाट शैक्षिक वर्ष २०७९ को SEE मा उच्चतम GPA सहितको उत्कृष्ट नतिजा प्राप्त गर्नु भएकोमा हार्दिक बधाईका साथ आगामी शैक्षिक यात्राको सफलताको कामना गर्दछौं ।

साथै शैक्षिक सत्र २०८० को लागि Diploma in Electrical Engineering, Diploma in Animal/ Plant Science, Pre-diploma in Animal/Plant Science र Class 11 (Plant Science, Commerce in English Medium and Nepali Medium, Science, Education, Humanities) मा भर्ना खुल्यो।

जनप्रिय माध्यमिक विद्यालय (प्राविधिक शिक्षालय) हेटौँडा-१६, हटिया, मकवानपुर

समृद्ध समाज राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

शैक्षिक सत्र २०८० को लागि कक्षा-११ मा नयाँ भर्ना खुल्यो
श्री बालबोध माध्यमिक विद्यालय
हेटौँडा-१७, हटिया, मकवानपुर

हाम्रो विशेषताहरु
- दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराइने ।
- हरेक कक्षामा अत्याधुनिक सुविधा सहित ल्यापटप तथा प्रोजेक्टरको माध्यमबाट पढाइ हुने ।
- अत्याधुनिक पुस्तकालयको व्यवस्था भएको
- अतिरिक्त सिकाइको लागि Math Lab, Science Lab, Computer Lab, E-Library को व्यवस्था भएको ।
- सुविधा सम्पन्न भवन, यातायातको व्यवस्था, स्वच्छ पिउने पानीको व्यवस्था भएको
- विगत १० वर्षदेखि जिल्लामै लगातार उत्कृष्ट नतिजा ल्याई पुरस्कृत भई जिल्लामै छुट्टै पहिचान बनाउन सफल ।

नयाँ विद्यार्थी भर्ना/रजिस्ट्रेशन :
२०८० असार २५ गते देखि

SUBJECTS OFFERED
- Account
- Business Studies
- Economics
- Child Development & Learning
- Education & Development
- Major Nepali/English

कक्षा संचालन
२०८० श्रावण २ गते देखि
9855011570
9802511570
Email : balbodhschool2008@gmail.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

तपाई र तपाईको बालबालिकाको सपना पूरा हुने एक मात्र ठाउँ हाम्रो हेटौंडामा दक्ष, अनुभवी एवम् ख्याति प्राप्त Selected शिक्षकहरुको समूहद्वारा सञ्चालित शहरको गौरव Bhutandevi Secondary School (Technical School) मा शैक्षिक सत्र ०८०/०८१ का लागि विशेष Scholarship मा Science, Management (English/Nepali Medium), 3 years Diploma in Civil Engineering र Civil Engineering (9-12) मा धमाधम भर्ना र कक्षा संचालन भइरहेको छ। तसर्थ समयमै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस् ।

हाम्रा विशेषताहरू
१. शैक्षिक सत्र ०७८/०७९ मा Civil Engineering धार तर्फ कक्षा-१२ मा नेपाल प्रथम हुन सफल ।
२. दक्ष तथा अनुभवी शिक्षकद्वारा अध्यापन गराईने ।
३. अत्याधुनिक Computer/Science र Civil Engineering Lab को व्यवस्था भएको ।
४. Multimedia को प्रयोग गरी कक्षा संचालन गरिने ।
५. उपयुक्त भौतिक पूर्वाधार सहितको प्रविधिमैत्री कक्षाकोठा तथा पर्याप्त खेलमैदान भएको ।
६. विद्यार्थीहरुको नियमित मूल्याङ्कन, Motivational & Counseling को व्यवस्था ।
७. "सबैको लागि शिक्षा, निशुल्क शिक्षा" को मर्म अनुसार विशेष Scholarship को व्यवस्था गरिएको ।
८. समय समयमा विषयगत रुपमा क्षेत्रगत भ्रमण एवम् शैक्षिक अध्ययन अवलोकन भ्रमण समेत गर्ने गरेको ।

GPA-3.6 to 4	Full Scholarship.
GPA-3.2 to 3.6	Admission free plus 50% discount in monthly fee.
GPA-2.4 to 3.2	50% discount in monthly fee.
GPA-1.6 to 2.4	25% discount in monthly fee.

सम्पर्कका लागि:
०५७-५२०४२०, ९८६२१४५७५६, ९८४५६१८१७१, ९८४१८८२४१३,
९८५५०४१०६१, ९८४५२८६८३०, ९८५५०७१६०७